# मध्यमकालीन खर्च संरचना

(२०८२/८३-२०८४/८५)

## अन्तिम प्रतिवेदन

## छत्रदेव गाउँपालिका

पेश गर्ने संस्था

हातेमालो इन्जिनियरिंग कन्सल्टेन्सी

बिषय सुची

अध्याय एकः परिचय ..... 6
१.१ पृष्ठभूमि ..... 6
१.२ उद्देश्य ..... 7
१.३ मध्यमकालिन खर्च संरचना तर्जुमाका विधि प्रकृया ..... 7
*१.३.१ निर्देशक समिति गठन ..... 7*
*१.३.२ स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति ..... 7*
*१.३.३. मध्यमकालिन खर्च संरचना सम्बन्धि विषय क्षेत्रगत समिति ..... 7*
*१.३.४. मध्यमकालिन खर्च संरचना सम्वन्धि एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा ..... 7*
*१.३.५. त्रि वर्षिय प्रक्षेपण सहित कुल वजेटको आकार तयारी ..... 7*
*१.३.६. विषयगत समितिमा छलफल ..... 8*
*१.३.७. एकीकृत मस्यौदा तयारी ..... 8*
*१.३.८. अन्तिम प्रतिवेदन पेश ..... 8*
अध्याय दुई ..... 9
दीर्घकालिन सोच, मध्यकालीन लक्ष्य तथा उद्देश्य ..... 9
२.१ परिचय ..... 9
२.२ प्रमुख समस्या तथा चुनौती ..... 9
२.३ प्रमुख सम्भावना तथा अवसर ..... 9
२.४ गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य ..... 10
२.५ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना ..... 10
२.७ मध्यमकालिन वजेट खाका ..... 12
२.८ दीगो विकास लक्षित कार्यक्रम ..... 14
२.९ लैङ्गिक सांकेतिकरण ..... 14
२.१० जलवायु सांकेतिकरण ..... 16
२.११ विषय क्षेत्रगत बाँडफाँट ..... 16
अध्याय तीन ..... 19
आर्थिक विकास ..... 19
३.१ कृषि तथा पशुपालन ..... 19
३.१.१ लक्ष्य, उद्देश्यहरू ..... 20
*३.१.२ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य ..... 20*
*३.१.२ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण ..... 20*
*३.१.३ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 21*
३.२ पर्यटन तथा संस्कृति ..... 21
*३.२.१ लक्ष्य तथा उद्देश्यहरू ..... 22*
*३.२.२ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य ..... 22*

*३.२.३ कार्यक्रम⁄आयोजनाको संक्षिप्तविवरण*.........22
*३.२.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........23
३.३.उद्योग व्यापार तथा व्यबसाय.........23
*३.३.१ लक्ष्य तथा उद्देश्यहरू*.........23
*३.३.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.........24
*३.३.३ कार्यक्रम⁄आयोजनाको संक्षिप्तविवरण*.........24
*३.३.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........25
*३.४.१ लक्ष्य तथा उद्देश्यहरू*.........25
*३.४.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.........26
*३.४.३ कार्यक्रम⁄आयोजनाको संक्षिप्तविवरण*.........26
*३.४.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........27
३.५ श्रम तथा रोजगारी.........27
*३.५.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्यहरु*.........27
*३.५.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.........27
*३.५.३ कार्यक्रम⁄आयोजनाको संक्षिप्तविवरण*.........28
*३.५.५ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........29
अध्याय चार.........30
सामाजिक विकास.........30
४.१ शिक्षा.........30
४.१.२ लक्ष्य तथा उद्देश्यहरू.........30
*४.१.३ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.........30
*४.१.४ कार्यक्रम⁄आयोजनाको संक्षिप्तविवरण*.........31
*४.१.५ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........32
४.२ स्वास्थ्य तथा पोषण.........32
*४.२.१ लक्ष्य तथा उद्देश्यहरू*.........32
*४.२.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.........33
*४.२.३ कार्यक्रम⁄आयोजनाको संक्षिप्त विवरण*.........33
*४.२.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........34
४.३ खानेपानी तथा सरसफाई.........34
*४.३.१ लक्ष्य तथा उद्देश्यहरू*.........35
*४.३.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.........35
*४.३.३ कार्यक्रम⁄आयोजनाको संक्षिप्तविवरण*.........35
*४.३.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*.........36
४.४ लैंगिक समानता तथा लक्षित बर्ग.........36
*४.४.१ लक्ष्य तथा उद्देश्यहरू*.........36

*४.४.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......36
*४.४.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......37
*४.४.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*......37
४.५ युवा तथा खेलकुद......38
*४.५.१ लक्ष्य तथा उद्देश्यहरू*......38
*४.५.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......38
*४.५.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......38
*४.५.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*......39
अध्याय पाँच......40
पूर्वाधार विकास......40
५.१ सडक पुल यातायात......40
*५.१.१ लक्ष्य तथा उद्देश्यहरू*......40
*५.२.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......40
*५.२.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*......41
५.३ आवास भवन वस्ती विकास......41
*५.३.१ लक्ष्य तथा उद्देश्यहरू*......41
*५.३.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......42
*५.३.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......42
*५.३.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान*......42
५.४ विद्युत तथा वैकल्पिक उर्जा......42
*५.४.१ लक्ष्य तथा उद्देश्यहरू*......43
*५.४.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......43
५.४.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......43
*५.४.४ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......44
५.५ सूचना तथा संचार......44
*५.५.१ लक्ष्य तथा उद्देश्यहरू*......44
*५.५.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......44
*५.५.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......45
*५.५.४ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......45
अध्याय छ......46
वन वातारण तथा विपद ब्यबस्थापन......46
*६.१.१ लक्ष्य तथा उद्देश्यहरू*......46
६.१.२ नतिजा सूचकतथामध्यमकालीनलक्ष्य......47
६.२ वातारण संरक्षण......47
*६.२.१ लक्ष्य तथा उद्देश्यहरू*......48

*६.२.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......48
*६.२.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......48
*६.२.४ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......48
६.३ विपद ब्यबस्थापन तथा जलवायु परिवर्तन......48
*६.३.१ लक्ष्य तथा उद्देश्यहरू*......49
६.३.२ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य......49
*६.३.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......49
*६.३.४ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......49
अध्याय सात......50
संस्थागत विकास तथा सुशासन......50
७.१ सुशासन तथा सेवा प्रबाह......50
*७.१.१ लक्ष्य तथा उद्देश्यहरू*......50
*७.१.२ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य*......50
*७.१.३ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......51
*७.१.४ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......51
७.२ संगठन तथा मानव संसाधन......51
*७.२.१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......51
*७.२.२ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण*......51
*७.२.३ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......52
७.३ राजश्व तथा स्रोत परिचालन......52
*७.३.१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*......52
*७.३.२ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......52
*७.३.३ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......52
७.४ योजना ब्यबस्थापन......53
*७.४.१ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य*......53
*७.४.२ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*......53
*७.४.३ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान*......53

# अध्याय एकः परिचय

## १.१ पृष्ठभूमि

योजनावद्ध विकासलाई प्रभावकारी वनाउन सार्वजनिक वित्त व्यवस्थापनको भूमिका महत्वपूर्ण हुने गर्छ । संघीय शासन व्यवस्थामा रुपान्तरित भैसकेपछि नेपालका लागि यसको महत्व अझ वढेको छ । संविधानको धारा ५६ मा उल्लिखित राज्य शक्तिको वाँडफाँडको मर्मलाई आत्मसाथ गर्दै सहकार्य, समन्वय र सहअस्थित्वका आधारमा तीन तहका सरकारले सर्वजनिक वित्तको प्रभावकारी र कुशल परिचालन गर्नु पर्ने हुन्छ । पन्ध्रौ योजनाले समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन सोचलाई पुरा गर्न वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुक र वि.सं. २१०० सम्ममा समुन्नत मुलुकका रुपमा स्थापित हुने गरी सार्वजनिक वित्तको प्रभावकारी परिचालन गर्नु पर्ने हुन्छ । त्यसका लागि तीन तहका सरकारवीच हुने स्रोत साधनको विनियोजनमा कुशलता, दक्षता र वित्तिय अनुशासन उत्तिकै प्रभावकारी हुनु आवश्यक हुन्छ । यी पक्षहरुको प्रभावकारी व्यवस्थापन गर्ने औजारका रुपमा मध्यकालीन खर्च संरचनाको अवधारणा विकास गरिएको हो ।

तीन वटै सरकार वीच दीर्घकालीन सोच, आवधिक योजना र वार्षिक वजेटवीच तादम्यता र सामञ्जस्यता कायम गर्न मध्यकालीन खर्च संरचनाले महत्वपूर्ण औजारका रुपमा योगदान पु¥याएको हुन्छ । यसले विकास योजनाका लाक्षित नतिजा हासिल गर्न स्रोत साधनको न्यायोचित वितरण र महत्तम परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर तथा प्रभावकारीता, वित्तिय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँछ ।

संघीय संरचना अन्तर्गतको सार्वजनिक वित्त व्यवस्थापनलाई व्यवस्थित गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त प्रावधान अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा वजेट विनियोजनमा आवश्यकताको पुष्ट्याईंलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलव्धि समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । साथै, योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति व्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ६ मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त मध्यमकालिन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, वजेट तथा कार्यक्रमको खाका र नतिजा खाकाको साथैे प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सो वाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १३ (ख) मा अर्थ मन्त्रालयले राजश्व र व्ययको अनुमानमा मध्यमकालिन खर्च संरचना समेत समावेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

यस सन्दर्भमा संघ र प्रदेश सरकारसँगको वित्तिय व्यवस्थापनलाई प्रभावकारी तथा उत्पादनशील वनाउन स्थानीय तहका लागि मध्यमकालिन खर्च संरचना तयार पार्नु पर्ने हुन्छ । तसर्थ देहायका उद्देश्य पुरा गर्न छात्रदेव गाउँपालिकाको मध्यमकालिन खर्च संरचना तयार पारिएको छ ।

### १.२ उद्देश्य

- संघ, प्रदेश र स्थानीय तह बीचको सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी वजेट खाका तर्जूमा गर्ने
- गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत साधनको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा वजेट बाँडफाँड गर्ने
- सार्वजनिक खर्चलाई वढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने

### १.३ मध्यमकालिन खर्च संरचना तर्जुमाका विधि प्रकृया

#### १.३.१ निर्देशक समिति गठन

मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यको समग्र नेतृत्वकालागि गाउपालिकाका अध्यक्षको संयोजकत्वमा एक निर्देशक समिति गठन गरियो । निर्देशक समितिमा गाउँपालिकाका अध्यक्ष संयोजक, उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, गाउँपालिकाका विषय क्षेत्रका कार्यालय प्रमुख सदस्य र प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव हुने गरी एक निर्देशक समितिको गठन गरियो ।

#### १.३.२ स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति

गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा आगामी तीन वर्षको वजेट सीमा निर्धारण गर्न देहाय वमोजिमको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको गठन गरियो ।

क) अध्यक्ष संयोजक

ख) उपाध्यक्ष सदस्य

ग) कार्यपालिकाका सदस्य मध्ये महिला, दलित, वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुनेगरी अध्यक्षले तोकेको चार जना सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

#### १.३.३. मध्यमकालिन खर्च संरचना सम्बन्धि विषय क्षेत्रगत समिति

मध्यमकालिन खर्च संरचना तर्जुमाकालागि गाउँपालिकाको आर्थिक, सामाजिक, पुर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास गरी पाँचवटा विषयगत समितिहरु कार्यपालिका सदस्यको संयजकत्वमा गठन गरियो ।

#### १.३.४. मध्यमकालिन खर्च संरचना सम्वन्धि एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा

वडाहरुवाट प्राप्त योजनाहरुलाई वजेट सीमा, दीगो विकास लक्ष्य, मार्गदर्शन तथा आयोजना प्राथमिकता निर्धारणका आधारमा एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आवश्यक परिमार्जन गर्ने कार्य भयो ।

#### १.३.५. त्रि वर्षिय प्रक्षेपण सहित कुल वजेटको आकार तयारी

गत आर्थिक वर्षको यथार्थ स्थिती, चालु आ.वको प्रक्षेपित अवस्था र मध्यमकालिन सर्च संरचनाको आधारमा आगामी ३ वर्षको वजेट तथा कार्यक्रम वारेमा वडा कार्यालय, सम्वन्धित विषयगत कार्यालय, योजना तथा प्राविधिक शाखा र गाउँपालिकाको कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आ. व र थप २ आ. वको वजेट तथा कार्यक्रमको प्रक्षेपण

गरी प्रारम्भिक प्रतिवेदन तयार गरियो । यो कार्य गर्दा सम्बन्धित निकायहरुको संलग्नतामा योजना तथा प्राविधिक महाशाखाले समग्रमा पुनरावलोकन गरी अवधारणा पत्र तयार पारियो । स्रोत समितिले गाउँपालिकाको अर्थतन्त्रको वर्तमान स्थिती, चालु आवधिक योजना, मध्यमकालिन खर्च संरचना, कुल गार्हस्थ उत्पादनको प्रक्षेपण, वित्तिय स्थिती, बाह्य एवम् आन्तरिक वित्तिय साधनको सम्भावना, करको लचकता, राजश्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आ. व र २ आ. व को कुल वजेटको आकार निर्धारण गर्‍यो ।

### १.३.६. विषयगत समितिमा छलफल

विभिन्न शाखाबाट प्राप्त प्रस्तावित आयोजनाको त्रिवर्षिय प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र वजेट माथि सम्वन्धित विषयगत समितिमा दफावार छलफल गरियो । यसरी छलफल गर्दा नेपालको संविधान, दीर्घकालिन सोच, संघ, प्रदेश तथा आवधिक योजना, दीगो विकास लक्ष्य, गाउँपालिकाको आवश्यकता, समस्या, सम्भावना तथा आयोजना वैंकबाट छनौट भएका आयोजनाको प्राथमिककीकरणका आधारमा तयार पारियो ।

### १.३.७. एकीकृत मस्यौदा तयारी

विषयगत समितिमा दफाबार छलफल गरी प्रस्ताव भएका कार्यक्रमहरुको त्रिवर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र वजेटको एकीकृत मस्यौदा तयारी गरियो ।

### १.३.८. अन्तिम प्रतिवेदन पेश

मस्यौदामा आएका सुझावहरुलाई सम्वोधन गरी मध्यमकालिन खर्च संरचनाको अन्तिम प्रतिवेदन तयार पारि अन्तिम प्रतिवेदनलाई कार्यपालिकाबाट स्वीकृत गराई अन्तिम प्रतिवेदन पेश गरियो ।

# अध्याय दुई

# दीर्घकालिन सोच, मध्यकालीन लक्ष्य तथा उद्देश्य

## २.१ परिचय

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु सोह्रौ योजना,लुम्बिनी प्रदेश सरकारको आवधिक योजना र गाउँपालिकाको आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ । आर्थिक वर्षका (२०८२/८३—२०८४/८५) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ प्रमुख समस्या तथा चुनौती

- मध्य पहाडी विषम भु धरातल भएपनि कुल क्षेत्रफलको ३५.५३ प्रतिशत जमिन खेतीयोग्य रहेको तर वैज्ञानिक भु उपयोग नीति कार्यन्वयन नहुँदा भूमिको पुर्ण सदुपयोग गर्न नसकिएको ।
- सम्पूर्ण खतीयोग्य जमिनमा बाह्रमहिना सिँचाइ सुविधा पुयाउन नसकिएको ।
- वन्यजन्तु आक्रमणको ९ज्गmबल धष्मिषिभ अयलाष्अित० डरका कारण खेतियोग्य जमिन बाँझो बस्ने र उत्पादनशील क्षेत्र खेर गैरहेको ।
- पर्यटनको राम्रो सम्भावना भए तापनि पर्यटनका आधारभूत पूर्वाधारको विकास हुन नसकेको ।
- कृषि तथा स्थानीय उत्पादनमा आधारित उद्योगहरूको सम्भावना भए तापनि विकास हुन नसकेको ।
- राष्ट्रिय राजमार्ग प्रणाली सम्मको पहुँच सुद्धढ र सहज भै नसकेको ।
- पहिरो भु क्षय तथा कटानको समस्या रहेको ।
- परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा प्रसस्त जागरण गर्नु पर्ने अवस्था रहेको ।
- विकास र समृद्धि तर्फको यात्रा सफल तुल्याउन व्यापक जनचेतना फैलाउनु पर्ने आवश्यकता रहेको ।
- युवा जनशक्तिलाई गाउँपालिकामै अवसर सिर्जना गरी पुर्ण सदुपयोग गर्ने चुनौती रहेको ।
- सडक, उर्जा, सिँचाइ, पिउनेपानी, आवास जस्ता आधारभूत भौतिक पूर्वाधारको यथोचित विकास हुन बाँकी रहेको ।
- ५१.३७ प्रतिशत ओगटेको वनजंगलको सदुपयोग र संरक्षण गरी आर्थिक समृद्धिसँग जोड्न नसकिएको ।

## २.३ प्रमुख सम्भावना तथा अवसर

- मध्य पहाडि भु ( भाग भए तापनि रिडी र यसका सहायक नदीहरूले निर्माण गरेका वेंसी क्षेत्र र स ( साना टारहरू उच्च उत्पादन दिने क्षेत्रहरूको रूपमा रहेको ।
- कुल भू भागको ३५.५३ प्रतिशत जमिन खेतियोग्य रहेको ।

- ५१.३७ प्रतिशत जमिन वनजंगलले ढाकेको ।
- रिडी तथा यसका सहायक नदीहरूको अविरल जलभण्डार रहेको ।
- छत्रगंज बजार र बल्कोट बजार प्राचीन व्यापारिक केन्द« हुनु ।
- जैविक विविधतामा धनि साथै मध्य पहाडि भु भाग अन्तर्गत समशितोष्ण हावापानीमा हुने बालीनाली, पशुपंक्षी र जडिवुटी उत्पादनको नमुना क्षेत्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको ।
- स्थानीय उपजमा आधारित उद्योगको प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने ।
- युवा जनशक्तिको जनसांख्यिक लाभाशंको उच्चतम सदुपयोग गरी समृद्धिको यात्रा तय गर्न सकिने ।
- स्थानीय विशिष्टताका आधारमा आफ्नो स्थानीय आवश्यकता अनुरूप योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको ।

## २.४ गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सोच**

छत्रदेवको शानः सुन्दर, शान्त, र समृद्ध गाउँपालिका हाम्रो अभियान

**लक्ष्य**

भूमिको वैज्ञानिक सदुपयोग गरी आधुनिक र व्यवसायिक कृषि वन र पर्यटनको विकास मार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गरी आर्थिक क्रान्ति गर्ने ।

उद्देश्य

- कृषि, वन, पर्यटन र उद्योग लगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्नु
- न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु ।
- विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु ।
- पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु ।

**प्राथमिकता क्षेत्र**

- कृषि, जडिबुटी तथा जैबीक बिबिधता
- वनजंगल तथा जलश्रोत
- पर्यटन
- स्थानीय उपजमा आधारित उपज

## २.५ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना

- आर्थिक क्षेत्रका मूल स्तम्भहरू जस्तै कृषि, वन पर्यटन र उद्योग क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरूलाई वेैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने ।

- हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रूपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने ।
- सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने ।
- सामाजिक न्याय स्थापित गरी समावेशीकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने ।
- विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवद्र्धन हुने क्रियाकलाप समेत गर्न र सोको सुनिश्चितता गर्ने ।
- जनमुखी असल शासन स्थापित गर्न संघीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गर्ने ।

२.७ मध्यमकालिन वजेट खाका

| बजेटका स्रोतहरु | 2079/80 को यथार्थ | 2080/81 को यथार्थ | 2081/82 को संशोधित अनुमान | प्रक्षेपण | | | तीन बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | 2082/83 | 2083/84 | 2084/85 | |
| **राजस्व तथा अनुदान** | 576867217 | 500419170 | 526764431 | 555311307 | 585536337 | 617553003 | 1758400647 |
| **आन्तरिक आय** | 5670552 | 5824518 | 5989150 | 6887523 | 7920651 | 9108749 | |
| **राजस्व बाँडफाँडबाट प्राप्त आय** | 76266727 | 91745861 | 95817000 | 100607850 | 105638243 | 110920155 | 0 |
| *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | 70450235 | 86059800 | 92400000 | 97020000 | 101871000 | 106964550 | |
| *प्रदेश सरकार* | 5816492 | 5686061 | 3417000 | 3587850 | 3767243 | 3955605 | |
| **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | 0 | 1900000 | 1900000 | 2090000 | 2299000 | 2528900 | 6917900 |
| *वन रोयल्टी* | 0 | 1000000 | 1000000 | 1100000 | 1210000 | 1331000 | 3641000 |
| *खानी तथा खनिज रोयल्टी* | 0 | 900000 | 900000 | 990000 | 1089000 | 1197900 | 3276900 |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | 378535455 | 337773283 | 369567500 | 388045875 | 407448169 | 427820577 | 1223314621 |
| *वित्तीय समानीकरण अनुदान* | 105542500 | 92445000 | 101300000 | 106365000 | 111683250 | 117267413 | |
| *सशर्त अनुदान* | 228509418 | 218062558 | 253267500 | 265930875 | 279227419 | 293188790 | |
| *समपुरक अनुदान* | 10499575 | 13500000 | 15000000 | 15750000 | 16537500 | 17364375 | |
| *विशेष अनुदान* | 33983962 | 13765725 | 0 | | 0 | 0 | |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | 27413182 | 16468677 | 23196000 | 24355800 | 25573590 | 26852270 | 76781660 |
| *वित्तीय समानीकरण अनुदान* | 6143000 | 5295000 | 6696000 | 7030800 | 7382340 | 7751457 | 22164597 |
| *सशर्त अनुदान* | 6637313 | 1095870 | 7500000 | 7875000 | 8268750 | 8682188 | 24825938 |
| *समपुरक अनुदान* | 10089391 | 9124600 | 7000000 | 7350000 | 7717500 | 8103375 | 23170875 |
| *विशेष अनुदान* | 4543478 | 953207 | 2000000 | 2100000 | 2205000 | 2315250 | 6620250 |
| **मौज्दात रकम** | 88981301 | 46706831 | 30294781 | 33324259 | 36656685 | 40322354 | 110303298 |
| **जम्मा** | 550125685 | 480444217 | 526764431 | 553102653 | 580757785 | 609795674 | 1743656112 |
| चालु खर्च | 324882978 | 316143878 | 326593947 | 342923645 | 360069827 | 378073318 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पुँजीगत खर्च | **225242707** | **164300339** | **194902839** | **204647981** | **214880381** | **225624400** | |
| बचत (+ वा -) | **26741532** | **19974953** | **0** | **2208654** | **4778552** | **7757329** | **14744535** |

२.८ दीगो विकास लक्षित कार्यक्रम

| संकेत नं. | दीगो विकास लक्ष्य | आयोजना संख्या | ०८२/८३ को खर्च अनुमान | | ०८३/८४ को खर्च प्रक्षेपण | | ०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | हरेक क्षेत्रमा रहेका सवै स्वरुपका विषम गरीबीको अन्त्य | ४ | २७३७७.७ | ०.०५ | ३०११५.५ | ०.०५ | ३३१२७ | ०.०५२ |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवद्र्धन | ३ | ९५८२० | ०.१८ | १०५४०२ | ०.१८ | ११५९४२ | ०.१८१ |
| ३ | सवै उमेर समुहका व्यक्तिको स्वस्थ जीवनको सुनिश्चितता | ३ | ६३६६० | ०.१२ | ७००२६ | ०.१२ | ७७०२८.६ | ०.१२० |
| ४ | समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा | ३ | ३९७९५.३ | ०.०८ | ४३७७४.८ | ०.०८ | ४८१५२.३ | ०.०७५ |
| ५ | लैङ्गिक समानता हासिल गर्ने | १ | ४३८० | ०.०१ | ४८१८ | ०.०१ | ५२९९.८ | ०.००८ |
| ६ | खानेपानी तथा सरसफाईको उपलब्धता र यसको दिगो व्यवस्थापन | १ | ४३२० | ०.०१ | ४७५२ | ०.०१ | ५२२७.२ | ०.००८ |
| ७ | खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सवैको पहँुच | १ | ३१३५० | ०.०६ | ३४४८५ | ०.०६ | ३७९३३.५ | ०.०५९ |
| ८ | स्थिर, समावेशी र दीगो आर्थिक बृद्धि, पूर्ण उत्पादनशील रोजगारी र मर्यादित श्रम | १ | ७५० | ०.०० | ८२५ | ०.०० | ९०७.५ | ०.००१ |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दीगो औद्योगीकिकरण र नव प्रवर्तन | ७ | २००६७० | ०.३८ | २२०७३७ | ०.३८ | २४२८११ | ०.३७९ |
| ११ | शहर र मानव वस्तीलाई समावेशी, शुरक्षित, उत्थानशील र दीगो वनाउने | ५ | ५७२९१.९ | ०.११ | ६३०२१.१ | ०.११ | ६९३२३.२ | ०.१०८ |
| १२ | दीगो उपभोग र उत्पादन | २ | ३३०० | ०.०१ | ३६३० | ०.०१ | ३९९३ | ०.००६ |
| १३ | जलवायु परिवर्तन | १ | १८० | ०.०० | १९८ | ०.०० | २१७.८ | ०.००० |
| १५ | पारिस्थितिकीय प्रणालीको दिगो उपयोग | ३ | १५० | ०.०० | १६५ | ०.०० | १८१.५ | ०.००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | दीगो विकासका लागि शान्ति र समावेशी समाजको विकास गर्ने, सबैका लागि न्यायको पहुँच, प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाको निर्माण गर्ने | १ | ८७.९ | ०.०० | ९६.६९ | ०.०० | १०६.३५९ | ०.००० |
| १७ | दीगो विकासका लागि विश्व व्यापी साझेदारीलाई जिवन्त तुल्याउने | ३ | २४० | ०.०० | २६४ | ०.०० | २९०.४ | ०.००० |
| | | ३९ | ५२९३७३ | | ५८२३१० | | ६४०५४१ | |

## २.९ लैङ्गिक सांकेतिकरण

| प्राथमिकता क्रम | आयोजना संख्या | ०८२/८३ को खर्च अनुमान | | ०८३/८४ को खर्च प्रक्षेपण | | ०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ७ | १०७८३५ | ०.२० | ११८६१९ | ०.२० | १३०४८०.७ | ०.२० |
| सहयोगी | ९ | १२८२६८ | ०.२४ | १४१०९४ | ०.२४ | १५५२०४ | ०.२४ |
| तटस्थ | २३ | २९३२७० | ०.५५ | ३२२५९७ | ०.५५ | ३५४८५६ | ०.५५ |
| कुल जम्मा | | ५२९३७३ | | ५८२३१० | १ | ६४०५४१.१ | |

## २.१० जलवायु सांकेतिकरण

| प्राथमिकता क्रम | आयोजना संख्या | ०८२/८३ को खर्च अनुमान | | ०८३/८४ को खर्च प्रक्षेपण | | ०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | २ | ३३० | ०.०० | ३६३ | ०.०० | ३९९.३ | ०.०० |
| सहयोगी | २० | १२३१९८ | ०.२३ | १३५५१७ | ०.२३ | १४९०६९ | ०.२३ |
| तटस्थ | १७ | ४०५८४५ | ०.७७ | ४४६४३० | ०.७७ | ४९१०७३ | ०.७७ |
| कुल जम्मा | ३९ | ५२९३७३ | १ | ५८२३१० | १ | ६४०५४१ | |

२.११ विषय क्षेत्रगत बाँडफाँट

| विषय क्षेत्र | ०८२/८३ को अनुमान | | | ०८३/८४ को खर्च प्रक्षेपण | | | ०८४/८५ खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुजीगत | कुल | चालु | पुजीगत | कुल | चालु | पुजीगत |
| कृषि तथा पशुपालन | ४०२० | १२०६ | २८१४ | ४४२२ | १३२७ | ३०९५ | ४८६४.२ | १४५९.२६ | ३४०४.९४ |
| सिंचाई | ९१८०० | २७५४० | ६४२६० | १००९८० | ३०२९४ | ७०६८६ | १११०७८ | ३३३२३.४ | ७७७५४.६ |
| पर्यटन तथा सस्कृति | १९९०८ | ५९७२ | १३९३५ | २१८९८ | ६५७० | १५३२९ | २४०८८.३२ | ७२२६.५ | १६८६१.८ |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूति | ६८७० | २०६१ | ४८०९ | ७५५७ | २२६७ | ५२९० | ८३१२.७ | २४९३.८१ | ५८१८.८९ |
| सहकारी तथा वित्तिय सेवा | ६०० | १८० | ४२० | ६६० | १९८ | ४६२ | ७२६ | २१७.८ | ५०८.२ |
| श्रम तथा रोजगारी | ७५० | २२५ | ५२५ | ८२५ | २४८ | ५७८ | ९०७.५ | २७२.२५ | ६३५.२५ |
| शिक्षा, विज्ञान तथा प्रविधि | २७९४५ | ८३८४ | १९५६२ | ३०७४० | ९२२२ | २१५१८ | ३३८१३.८१ | १०१४४.१ | २३६६९.७ |
| स्वास्थ्य तथा पोषण | ६३६६० | १९०९८ | ४४५६२ | ७००२६ | २१००८ | ४९०१८ | ७७०२८.६ | २३१०८.६ | ५३९२० |
| खानेपानी तथा सरसफाइ | ४३२० | १२९६ | ३०२४ | ४७५२ | १४२६ | ३३२६ | ५२२७.२ | १५६८.१६ | ३६५९.०४ |
| महिला तथा लक्षित वर्ग | ४३८० | १३१४ | ३०६६ | ४८१८ | १४४५ | ३३७३ | ५२९९.८ | १५८९.९४ | ३७०९.८६ |
| युवा तथा खेलकुद | ११८५० | ३५५५ | ८२९५ | १३०३५ | ३९११ | ९१२५ | १४३३८.५ | ४३०१.५५ | १००३७ |
| वस्ती विकास, आवास, सार्वजनिक निर्माण | ५७२९१.९ | १७१८८ | ४०१०४ | ६३०२१ | १८९०६ | ४४११५ | ६९३२३.२ | २०७९७ | ४८५२६.२ |
| सडक तथा यातायात | २०००७० | ६००२१ | १४००४९ | २२००७७ | ६६०२३ | १५४०५४ | २४२०८४.७ | ७२६२५.४ | १६९४५९ |
| विद्युत तथा वैकल्पिक उर्जा | ३१३५० | ९४०५ | २१९४५ | ३४४८५ | १०३४६ | २४१४० | ३७९३३.५ | ११३८०.१ | २६५५३.५ |
| सूचना, सञ्चार तथा प्रविधि | ६०० | १८० | ४२० | ६६० | १९८ | ४६२ | ७२६ | २१७.८ | ५०८.२ |
| वन जैविक विविधता हरियाली | ९०० | २७० | ६३० | ९९० | २९७ | ६९३ | १०८९ | ३२६.७ | ७६२.३ |
| भू संरक्षण तथा जलाधार | २४०० | ७२० | १६८० | २६४० | ७९२ | १८४८ | २९०४ | ८७१.२ | २०३२.८ |
| वातावरण स्वच्छता | १८० | ५४ | १२६ | १९८ | ५९ | १३९ | २१७.८ | ६५.३४ | १५२.४६ |
| विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | १५० | ४५ | १०५ | १६५ | ५० | ११६ | १८१.५ | ५४.४५ | १२७.०५ |
| नीति, कानुन न्याय र सुशासन | ८७.९ | २६ | ६२ | ९६.६९ | २९ | ६८ | १०६.३५९ | ३१.९०७७ | ७४.४५१३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संगठन, मानव संसाधन र क्षमता विकास | १५० | ४५ | १०५ | १६५ | ५० | ११६ | १८१.५ | ५४.४५ | १२७.०५ |
| स्रोत परिचालन | ६० | १८ | ४२ | ६६ | २० | ४६ | ७२.६ | २१.७८ | ५०.८२ |
| योजना व्यवस्थापन | ३० | ९ | २१ | ३३ | १० | २३ | ३६.३ | १०.८९ | २५.४१ |
| जम्मा | ५२९३७३ | १५८८१२ | ३७०५६१ | ५८२३१० | १७४६९३ | ४०७६१७ | ६४०५४१.१ | १९२१६२ | ४४८३७९ |

# अध्याय तीन

# आर्थिक विकास

### ३.१ कृषि तथा पशुपालन

मध्य पहाडी र उच्च भूभागमा रहेकोले यो गाउँपालिकाको धरैजसोे जमिन सुख्खाग्रस्त क्षेत्रमा पर्दछ । विशेषगरी वडा नं. १, ३, ४, ५, ६, ७ र ८ रिडी नदी र यसका सहायक नदीको तटीय क्षेत्रमापर्ने हुँदा प्रसस्त पाँगो मिश्रित बलौटे माटो युक्त मलिलो जमिनको उपलब्धता रहेको र अन्य क्षेत्रको जमिनको उर्वराशक्ति पनि राम्रो रहेकोले गाउँपालिकाको समृद्धिको मुख्य संवाहक मध्ये कृषि क्षेत्र पनि एक मुख्य क्षेत्र हो । समुद्री सतहबाट ७०० मिटर देखि १८०० मिटरको उचाइमा रहेको यस गाउँपालिकाको कूल ८७।६२ वर्ग.कि.मी. क्षेत्रफल मध्ये ४५.०१ वर्ग कि.मी अर्थात् ५१.३७ प्रतिशत जमिनमा हाल वन रहेको छ । त्यसैगरी ३१.१२ वर्ग.कि.मी. क्षेत्रफल अर्थात् ३५.५३ प्रतिशत भू—भाग खेतीले ओगटेको छ । हाल खेतीपाती भैरहेको सबै क्षेत्र खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो गाउँपालिकालाई कृषिको नमूना क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । गाउँपालिकाको अत्यधिक जनसंख्या कृषि पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने सम्भावना रहेको छ । यस गाउँपालिकाको वडा नं. ७ माझकोटमा मकै जोन र वडा नं. २ मा मकै व्लक, वडा नं. ७ ढिकुरामा तरकारी पकेट र वडा नं. ३ मा कागती पकेट रहेका छन । त्यसैगरी विभिन्न वडामा लिची, केरा, सुन्तला, धान, कफि पकेट क्षेत्रको सम्भावना रहेको छ । यस क्षेत्रको प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ जौं, कोदो, हुन भने नगदेबालीमा उखु, कफि र तरकारीजन्य उत्पादन पर्दछन । सुन्तला, अम्बा (बेलौती), नासपाती, केरा, लिची, आँप, भुइकटहर, रुखकटहर जस्ता फलफूल पाइने यस गाउँपालिकामा प्रसस्त खेतीपाती हुनसक्ने देखिन्छ र हाल प्रमुख कृषि क्षेत्रहरूमा सबै वडाका फाँटहरू, वडा नं ६ को चौबाहा, वडा नं ७ को ढिकुरा आदि पर्दछन् । यस क्षेत्रमा जडीबुटी उत्पादनको सम्भावना धेरै नै रहेको छ । यो गाउँपालिकामा पाइने मुख्य जडीबुटीहरूमा कुरिलो, हर्राे, बर्राे, गुर्जो, टिमुर, बोझो, तितेपाती, अमला, सिस्नु, चुत्रो र ऐसेलु आदि छन् । यद्यपि यस्ता जडीबुटीहरूको व्यवसायीक उत्पादन ठूलापोखरामा मात्रै भएको र अन्य ठाउँमा भने हुनसकेको छैन । त्यसैगरी वडा नं. ८ मा घर मौरी पकेट क्षेत्र रहेको यस गाउँपालिकामा मौरीपालनको राम्रो संभावना रहेको छ ।

छत्रदेव गाउँपालिकाका कूल घरपरिवारहरू मध्ये ग्रामीण क्षेत्रका अधिकांश परिवारले पशुपंक्षी पाल्ने गरेका छन् । यहाँ गाई, भैसी, बाख्रा, कुखुरा, बङगुर, परेवा, हाँस, कालिज, बट्टाइ लगायतका पशुपंक्षीहरूको व्यवसायीक उत्पादनको राम्रो सम्भावना रहेको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, बाख्रा, बङगुुर, कुखुरा, माछा पाल्ने र बिक्री गर्ने गर्दछन् । पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरूको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । मध्य पहाडी क्षेत्र पशुपालनको राम्रो सम्भावना भएकोले व्यावसायिक गाइ तथा भैसी पालन मार्फत दुग्ध उत्पादन तथा बाख्रा र कुखुरापालनबाट मासुमा आत्मनिर्भर भइ निर्यात प्रवद्र्धन गर्न सकिन्छ । नेपाली बजारमानै वाख्रा तथा लोकल कुखुराको उच्च माग रहेकोले सोको समेत यहाँ राम्रो सम्भावना रहेको छ । वडा नं. ७ मा वाख्रा स्मार्ट कार्यक्रम संचालनमा रहेको र वडा नं ५ मा बहुउद्देश्यिय कृषि फार्म लगायतका पोखरीहरूमा ग्रासकार्प, कमनकार्प र सिल्भरकार्प जातका माछा पाल्ने गरिएको भए तापनि ठुलो स्तरको व्यावसायिक माछापालन गरिएको छैन ।

### ३.१.१ लक्ष्य, उद्देश्यहरू

**लक्ष्य**

- गाउँपालिकाको आर्थिक समृद्धिको आधार स्तम्भको रुपमा कृषिको बजारिकरण र व्यावसायिकरण गर्ने
- आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्य मार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने

**उद्देश्यहरू**

- व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुने ।
- गाउँपालिकाभर छरिएर रहेका स—साना उत्पादनशील क्षेत्रहरूलाई मध्य पहाडी नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु ।
- वातावरण मैत्री दिगो कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।
- वातावरण र बाली मैत्री मौरीपालन प्रवद्र्धन गर्नु ।
- व्यवसायिक जडीबुटी उत्पादन तथा प्रशोधनलाई उच्च प्राथमिकता दिनु ।
- पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु ।
- पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवद्र्धन गर्नु ।
- माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवद्र्धन गर्नु ।

### ३.१.२ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | माध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८२/८३ | ८३/८४ | ०८४/८५ |
| संकलन केन्द्र | संख्या | २४ | २४ | २४ | २४ | २५ |
| पालिका सँग सहकार्य गर्ने निजि क्षेत्र | संख्या | १ | १ | २ | २ | ३ |
| सुचिकृत वेरोजगार | संख्या | ६०० | ५५० | ४०० | ३५० | ३०० |
| उपयोग गरिएको बाझो जमिन | रोपनी | २० | ३० | ४० | ६० | १०० |

### ३.१.२ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण

| क्र.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुललागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 2 | निजि सार्वजनिक साझेदारी मा कृषि विकास कार्यक्रम | उपज संकलन गरि बजारिकरण गर्ने । | २०८१/८२ | १८००० | संकलन केन्द्रबाट कृषि उपज संकलन गरि बजारिकरण सहित ढुवानीको व्यवस्था गरिएको । |

| ३. | सुचिकृत वेरोजगार परीचालन मार्फत उत्पादन मुलक कार्यक्रम | बाझो जमिनको सदुपयोग गरी उत्पादनमुलक कृषि कार्य गर्ने । | २०८१/८२ | २०००० | कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृर्दि गर्ने । |
|---|---|---|---|---|---|

| क.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | हालसम्म को प्रगति | आगामी तीन वर्षको अपेक्षितउपलब्धि |
|---|---|---|---|
| 2 | निजि सार्वजनिक साझेदारी मा कृषि विकास कार्यक्रम | एन.आर.एस एग्रीकल्चर रिसर्च प्रा. लि. सैनामैना -१ रुपन्देहीमार्फत छत्रदेव गाउँपालिकाले तोकेको २ वटा संकलन केन्द्रबाट कृषि उपज संकलन गरि बजारिकरण सहित ढुवानीको व्यवस्था गरिएको । | छत्रदेव गाउँपालिका भरको कृषि उपज संकलन गरि बजारिकरण सहित ढुवानीको व्यवस्था गर्ने । |
| 3 | सुचिकृत वेरोजगार परीचालन मार्फत उत्पादन मुलक कार्यक्रम | २० रोपनी जमिनमा कृषि आलु खेति भइरहेको । | छत्रदेव गाउँपालिकामा रहेको बाझो जमिनको सदुपयोग गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृर्दि गर्दै छत्रदेव गाउँपालिकाको आय वृर्दि गर्ने । |

### ३.१.३ बिषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

| जम्मा | बजेट अनुमान (हजारमा) | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | अन्तरिक | सङ्घ | प्रदेश |
| २०८०/८१ | १०९२० | ६५५२ | ४३६८ | १६३८ | ६५५२ | २७३० |
| २०८१/८२ | १४५६० | ८७३६ | ५८२४ | २१८४ | ८७३६ | ३६४० |
| २०८२/८३ | १०९२० | ६५५२ | ४३६८ | १६३८ | ६५५२ | २७३० |
| **जम्मा** | ३६४०० | २१८४० | १४५६० | ५४६० | २१८४० | ९१०० |

## ३.२ पर्यटन तथा संस्कृति

यस गाउँपालिकामा विशेष गरी सम्पदा पर्यटन, औषधिय तथा जडीबुटी पर्यटन, पदयात्रा पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन र कृषि पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । जडीबुटी तथा औषधिय पर्यटन अन्तर्गत नेपालको मध्य पहाडि क्षेत्रमा पाइने विभिन्न प्रकारका जडिवुटीहरूको उत्पादन तथा अनुसन्धान केन्द«का रूपमा विकास गर्न सकिन्छ । गाउँपालिकामा रहेका हिन्दु देवालय, मस्जीद तथा मन्दिरहरू, छत्रदेवमहाराज र यसैसँग जोडिएका अन्य मन्दिरका साथै बल्कोट पौवा भएकोले ति क्षेत्रहरूको विकास मार्फत र्धािर्मक, ऐतिहासिक साथै पौराणिकको पर्यटन प्रवद्र्धन गर्न सकिन्छ । साहसिक पर्यटन अन्तर्गत ट्रेकिङको सम्भावना रहेको छ । बाहुन, क्षेत्री र नेवारको वाहुल्यता रहेको र मुस्लिम

समुदायको पनि बसोवास रहेको यस गाउँपालिकामा होमस्टे र सांकृतिक पर्यटनको पनि उतिकै सम्भावना छ । गाउँपालिकामा पर्यटकहरूको लागि सुविधा सम्पन्न बसोवास स्थल तथा होटलहरूको सेवा विस्तार र भौतिक पूर्वाधारको विकस गर्न सके पर्यटन व्यवसाय मार्फत आर्थिक फड्को मार्ने सम्भावना रहेको छ ।

### ३.२.१ लक्ष्य तथा उद्देश्यहरू

**लक्ष्य**

आर्थिक, सामाजिक र सांस्कृतिक सम्पन्नताका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आर्थिक आधारशीलाको रुपमा विकास गर्ने

**उद्देश्यहरू**

- आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु
- कृषि पर्यटनको आधार विकास गर्नु
- धार्मिक तथा सम्बन्धित पर्यटनको विकास गर्नु
- साहसिक, पदयात्रा तथा पर्यापर्यटनको विकास गर्नु ।

### ३.२.२ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| व्यवस्थित र स्तरीय ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलतथा सम्पदा | संख्या | २ | २ | ३ | ३ | ३ |
| व्यवस्थितपार्क÷उद्यान, पिकनिक र साईक्लीङ रुट | संख्या | ० | ० | ० | ० | १ |
| बार्षिक वाह्य तथा आन्तरिक पर्यटक आगमन संख्या(हजारमा) | संख्या | ० | ० | ० | ० | १ |
| स्तरीय होटलको सख्या | संख्या | ० | ० | ० | ० | १ |

### ३.२.३ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण

| क्र.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुललागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 7 |

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | एकिकृत पर्यटन विकास कार्यक्रम | पर्यटकिय क्षेत्रको स्तरीकरण तथा संरक्षण | २०८२-२०८४ | ५००० | आवधिक योजना तथा बार्षिक साल बसाली कार्यक्रम हरु पुरा हुदै जाने |

**३.२.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान**

| आब | वजेट अनुमान (रु.हजारमा) | | | वजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक | सङ्घ | प्रदेश सरकार |
| ०८२/८३ | ३००० | ६०० | २४०० | ३०० | २१०० | ६०० |
| ०८३/८४ | ४००० | ८०० | ३२०० | ४०० | २८०० | ८०० |
| ०८४/८५ | ३००० | ६०० | २४०० | ३०० | २१०० | ६०० |
| जम्मा | १०००० | २००० | ८००० | १००० | ७००० | २००० |

**३.३.उद्योग व्यापार तथा ब्यबसाय**

मुख्यतया मध्यम आयस्तर भएका कृषकको संख्या बढी भएको यस पालिकामा मध्यम र ठुलो स्तरका उपभोक्ता बजारहरूको विकास भइनसकेकोले यहाँ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा रहेका छन । प्राय सबै वडामा रहेका घर छाउने ढुंगा खानी र केही ठाउँमा चुनढुंगाको सम्भावना रहेको भनी स्थानीयबासी बताउँछन । स्थानीयका अनुसार यी र यस्ता सम्भावित क्षेत्रमा सम्बन्धित निकायले उत्खनन गरी प्रमाणित भएमा खानी खनिजबाट नै गाउँपालिकाले आर्थिक विकासका क्षेत्रमा फड्को मार्ने सम्भावना पनि रहेको छ । त्यसैगरी वडा नं ५ बहखोर र दहरे चौपारी, वडा नं. ७ देउरालीमा ग्रिल उद्योग, वडा न. ४ कायाटारीमा ईट्टा भट्टा, वडा नं ५ को बहखोर बजारमा साना घरेलु उद्योगहरू रहेका छन । वडा नं १, ४, ५ र ७ का विभिन्न स्थानमा ढुंगा, रातोमाटो खानी, कमेरोमाटो खानी रहेका छन भने विषेशगरी वडा नं ३ र ४ को सिमानामा रहेको साउनेपानीमा घर छाउने ढुंगा, खानी रहेको छ । कुटानी पिसानी मिल्सहरू भने प्रायश प्रत्येक वडामा सञ्चालनमा रहेका छन । तर्सथ खनिजमा आधारित उद्योगहरूको राम्रो सम्भावना भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

**३.३.१ लक्ष्य तथा उद्देश्यहरू**

**लक्ष्य**

आगामी पाँच वर्षमा गाउँपालिकाको कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा १० प्रतिशत पुर्‍याई रोजगारी सिर्जना गर्ने

**उद्देश्यहरू**

- उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु
- गाउँपालिकामा उत्पादन हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्नु
- स्थानीय बजार प्रबद्र्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु

### ३.३.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ५८ | ६० | ६२ | ६५ | ६८ |
| गाउँपालिकामा दर्ता भएकाउद्योग व्यवसायहरु | संख्या | ४५ | ४८ | ५० | ५३ | ५९ |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | २२९ | २२५ | ३०० | ३४० | ३६० |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुलमूल्यअभिवृद्धि) | रु. लाखमा | ३९ | ४८ | ५० | ५५ | ६० |

### ३.३.३ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण

| क्र.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुललागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | उद्यम विकास कार्यक्रम | उद्यमी सिर्जना गरि आय आर्जन बढाउने | २०८१।०४।०१ शुरु र २०८५।०३।३१ | १२०२५ | रोजगारी श्रृजना, स्वरोजगार र आय आर्जन, आत्मनिर्भर बन्ने |
| **2** | प्रविधि हस्तान्तरण कार्यक्रम | उत्पादन बृद्धि, व्यवसायमा टेवा | २०८१।०४।०१ शुरु र २०८५।०३।३१ | ५००० | रोजगारी श्रृजना, स्वरोजगार र आय आर्जन, आत्मनिर्भर बन्ने |
| **३** | स्तरोन्नती कार्यक्रम | उत्पादन बृद्धि, व्यवसायमा टेवा | २०८१।०४।०१ शुरु र २०८५।०३।३१ | १०००० | रोजगारी श्रृजना, स्वरोजगार र आय आर्जन, आत्मनिर्भर बन्ने |
| ४ | साझा सुविधा केन्द्र (कोशेली घर) स्थापना | उत्पादन बृद्धि, व्यवसायमा टेवा, | २०८१।०४।०१ शुरु र २०८५।०३।३१ | ५००० | उत्पादित बस्तुको बजारीकरण रोजगारी श्रृजना, स्वरोजगार र आय आर्जन, आत्मनिर्भर बन्ने । |

| क्र.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | हालसम्मको प्रगतिस्थिति | आगामीतीनवर्षको अपेक्षितउपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| 1 | 2 | 8 | 9 | 10 |
| 1 | उद्यम विकास कार्यक्रम | २३८ | ५८० | नयाँ उद्यमी श्रृजना, उद्योग प्रवर्द्धन कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| 2 | प्रविधि हस्तान्तरण कार्यक्रम | ३५ | ५० | उत्पादन र उपादकत्वमा बृद्धि |
| ३ | स्तरोन्नती कार्यक्रम | ६० | ८५ | भैरहेका उद्यमीको प्रवर्द्धन, उत्पादन र उपादकत्वमा बृद्धि |
| ४ | साझा सुविधा केन्द्र (कोशेली घर) स्थापना | ० | ८ | उत्पादित बस्तुको बजारीकरण, रोजगारी श्रृजना, स्वरोजगार र आय आर्जन, आत्मनिर्भर बन्ने । |

### ३.३.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान

| | वजेट अनुमान (रु.हजारमा) | | | वजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | कुल | चालु | कुल | चालु |
| ०८२/८३ | ९६०७.५ | १९२१.५ | ७६८६ | २८८२.२५ | ४८०३.७५ | १९२१.५ |
| ०८३/८४ | १२८१० | २५६२ | १०२४८ | ३८४३ | ६४०५ | २५६२ |
| ०८४/८५ | ९६०७.५ | १९२१.५ | ७६८६ | २८८२.२५ | ४८०३.७५ | १९२१.५ |
| जम्मा | ३२०२५ | ६४०५ | २५६२० | ९६०७.५ | १६०१२.५ | ६४०५ |

## ३.४ सहकारी, बैंक तथा वित्तीय क्षेत्र

कुनै पनि क्षेत्रमा बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रूपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ । यस गाउँपालिकामा पूर्णत ग्रामीण परिवेश रहेको साथै उपभोक्ता बजारहरूको विकास नभएकोले पूँजी बजार विकास तथा प्रवाह हुन सकेको छैन । हाल वाणिज्य स्तरको बैंक एन. बि. बि. बैङ्क वडा नं. ५ को बहखोर बजारमा मात्र रहेको छ । त्यसैगरी ग्लोबल आइ. एम. इ., आरम्भ चौतारी, मिरमिरे, सारथी, छिमेक, सी. वाइ. सी. लघुवीत्तहरू सञ्चालनमा रहेका छन् । ग्रामीण अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । हाल गाउँपालिकाका अधिकांश घरधुरी परिवारका सदस्यको बैङ्क खाता रहेको छ । हरेक वडामा बेैंक शाखाहरू खोल्न सरोकारवालालाई जागरुक गराई स्थानीयलाई वित्तीय साक्षरता तालिम दिने व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ ।

### ३.४.१ लक्ष्य तथा उद्देश्यहरू

**लक्ष्य**

प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने

उद्देश्यहरू

- बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आकर्षण गर्नु
- सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि, पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु

### ३.४.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ४२ | ४८ | ५२ | ६० | ७० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ६५ | ७५ | ८० | ८५ | ९० |
| वैंक तथा वित्तिय सहकारी संस्थाको संख्या | वटा | ३५ | ३५ | ३८ | ४० | ४५ |
| सहकारीमापहुँचभएका घरपरिवार | प्रतिशत | ९० | ९२ | ९३ | ९४ | ९५ |

### ३.४.३ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण

| क्र.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुललागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | सहकारी संस्थाहरुको सबलिकरण कार्यक्रम | सहकारीहरुको क्षमता अभिवृद्धि गर्ने | २०८१/८२ देखि निरन्तर | ५००० | सहकारी संस्थाहरु सबल भई वित्तिय सुशासन कायम हुने |
| **2** | विद्यालय स्तरमा सहकारी शिक्षा कार्यक्रम | सहकारीको मुल्य मान्यता सम्बन्धमा विद्यार्थी मार्फत जनचेतना अभिवृद्धि गर्ने | २०८१/८२ देखि निरन्तर | २००० | विद्यालयमा रहेका विद्यार्थीहरुको माध्यमबाट स्थानीय नागरिकहरुमा सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुने |

| क्र.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | हालसम्मको प्रगतिस्थिति | आगामीतीनवर्षको अपेक्षितउपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| 1 | सहकारी संस्थाहरुको सबलिकरण कार्यक्रम | लेखा सम्बन्धी तालिम र कोपोमिस तालिम सञ्चालन भइसकेको | आवश्यक वित्तिय सुशासन कायम हुने तालिमहरु सञ्चालन गर्ने | लेखा व्यवस्थापन तालिम<br>वित्तिय व्यवस्थापन तालिम<br>कोपोमिस सम्बन्धी तालिम<br>अन्य आवश्यक तालिमहरु |

| | | | | |
|---|---|---|---|---|
| **2** | विद्यालय स्तरमा सहकारी शिक्षा कार्यक्रम | कार्यान्वयन नभएको | विद्यालय मार्फत स्थानीय स्तरमा जनचेतना अभिवृद्धि हुने | माभ्यमिक स्तरका विद्यालयमा सहकारीका मुल्य मान्यता सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन हुने |

### ३.४.४ बिषय क्षेत्रगत खर्च र स्रोत को त्रिवर्षीय अनुमान

| | वजेट अनुमान (रु.हजारमा) | | | वजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | कुल | अन्तरिक | सङ्घ | प्रदेश |
| ०८२/८३ | २४०० | ४८० | १९२० | २४०० | ० | ० |
| ०८३/८४ | ३२०० | ६४० | २५६० | ३२०० | ० | ० |
| ०८४/८५ | २४०० | ४८० | १९२० | २४०० | ० | ० |
| जम्मा | ८००० | १६०० | ६४०० | ८००० | ० | ० |

## ३.५ श्रम तथा रोजगारी

नेपालको संविधान २०७२ ले रोजगारी तथा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई नागरिकहरूको रोजगारीको अवस्थाको अभिलेखीकरण र बेरोजगारको तथ्यांक संकलन र व्यवस्थापनका साथै सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना र तथ्यांक संकलन र व्यवस्थापन गर्ने अहम् जिम्मेवारी तोकेको छ । स्थानीय आर्थिक सामाजिक विकासमा रोजगारीका अवसर वृद्धिले महत्वपूर्ण स्थान रहने गरेकोले योजनाबद्ध विकासका माध्यमबाट यस क्षेत्रको विकास गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

### ३.५.१ उपक्षेत्रगत लक्ष्य, उद्देश्यहरु

लक्ष्य

युवा रोजगारीलाई सुरक्षित तथा सम्मानित वनाउनु

उद्देश्य

युवा रोजगारीलाई सुरक्षित तथा सम्मानित बनाउन आवश्यक सीप तथा दक्षता अभिवृद्धि गर्ने

### ३.५.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | ४५ | ५० | ६० | ८० | १०० |

| सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कार्यक्रमबाटसिर्जित रोजगारी | कार्य दिन | ८१ | ९२०० | १०००० | १४००० | २०००० |
| युवाजनशक्तिको सीप अभिवृद्धि | जना | २८२ | ३०० | ४२५ | ६७५ | १००० |
| सुचकृत भएका बेरोजगारको संख्या | जना | ५४१ | ६०० | ४८० | ३२० | २५० |
| सीपमूलक कार्यक्रम सञ्चालन | संख्या | २ | ५ | १५ | ३० | ४० |
| सूचीकृत बेरोजगार परिचालन मार्फत उत्पादनमूलक कार्यक्रम | संख्या | ० | १ | ३ | ५ | ८ |

### ३.५.३ कार्यक्रम/आयोजनाको संक्षिप्तविवरण

| क.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुललागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | सूचीकृत बेरोजगार मार्फत उत्पादनमूलक कार्यक्रम | आन्तरिक रोजगारी सिर्जना गर्ने | २०८१/८२ देखि निरन्तर | ५०० | आन्तरिक रोजगारी सिर्जना भई बेरोजगारको समस्या हल हुने |
| 2 | कृषि/पशुपालन मार्फत रोजगारी कार्यक्रम | उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी स्वरोजगार नागरिक उत्पादन गर्ने | २०८२/८३ देखि निरन्तर | ५०० | स्थानीय उपलब्ध स्रोत साधनको उपयोग गरी स्वरोजगारी सिर्जना हुने |
| 3 | सूचीकृत बेरोजगार परिचालन मार्फत स्थानीय पूर्वाधार मर्मत संभार कार्यक्रम | स्थानीय भौतिक पूर्वाधारहरुको संरक्षण र मर्मत संभार गर्ने | २०८२/८३ देखि निरन्तर | ३०० | स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको संरक्षण भई उपयोगमा अभिवृद्धि गर्ने |

| क.सं. | उपक्षेत्र÷कार्यक्रम ÷आयोजना | हालसम्मको प्रगति स्थिति | आगामीतीनवर्षको अपेक्षितउपलब्धि | आ.व. २०८२/८३ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 1 | सूचीकृत बेरोजगार मार्फत उत्पादनमूलक कार्यक्रम | परिक्षणका रुपमा एउटा कार्यक्रम कार्यान्वयन भईरहेको | कम्तिमा ३ वटा वडा स्तरमा ४०० रोजगारी सिर्जना गर्ने | बाँझो जग्गा व्यवस्थापन गरी गाउँपालिका भित्रका सबै वडा स्तरमा रोजगारमूलक आयोजना कार्यान्वयन गर्ने |
